# लुम्बिनी विकास बैंक लि.
# Lumbini Bikas Bank Ltd.

निरन्तर सहयात्रा

[redacted] (नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)


**सनराइज बिजपार्क, डिल्लीबजार, काठमाडौं**

**पोष्ठ बक्स नं. २०७०० फोन नं. ४४१३५२५/४४१३२३२**

इमेल : info@lumbinibiksabank.com, वेभसाईट : www.lumbinibikasbank.com.np


**को**

## हकप्रद साधारण शेयर लिलाम बिक्रिको शिलबन्दी बोलपत्र आव्हानको सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०७५/०१/०२**

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७५/०१/०९**

**बोलपत्रद्वारा बिक्री गरिने शेयरको बिवरण :**

| | |
|---|---|
| संस्थापक शेयर | : ३,७९,३३६।४४ |
| सर्बसाधारण समुहको शेयर | : २,२१,९८९।०३ |
| जम्मा | : ६,०१,३२५।४७ |

यस लुम्बिनी विकास बैक लिमिटेडको १०:१ (साविक दश कित्ता शेयर बराबर एक कित्ता नयाँ साधारण शेयर) बराबरको हकप्रद शेयरको लागि मिति २०७४/१०/११ गते देखी मिति २०७४/११/२३ गते सम्म हकप्रद शेयरको बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा तोकिएको दिन सम्म रितपुर्वक आवेदन पेश भएका संस्थापक र सर्बसाधारण शेयरहरु बाँडफाँड भई बाँकी रहेका तपसिलमा उल्लेखित शेयरहरु प्रचलित ऐन नियम, नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन तथा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा १५ को अधिनमा रही उक्त शेयरहरु लिलाम बढाबढ गरी बिक्री गर्ने भनि विकास बैंकको निर्णयानुसार उक्त शेयरहरु खरिद गर्न ईच्छुक ब्यक्ति, कम्पनी, संघ संस्थाहरुले यो सूचनामा उल्लेखित अवधि भित्र देहाय बमोजिमको स्थानहरुमा आईपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा शेयर खरिद गर्ने हो सो रकम कबुल गरी तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

**बोलपत्र आवेदन फारम पाइने र बुझाउने स्थानः**

१) भिबोर क्यापिटल लि., कृष्णगल्ली, ललितपुर
२) लुम्बिनी विकास बैंक लि. को केन्द्रिय कार्यालय डिल्लीबजार, उपत्यका भित्रका शाखा कार्यालयहरु त्रिपुरेश्वर, कान्तिपथ, न्युरोड, ठमेल तथा उपत्यका बाहिरका शाखा कार्यालयहरु पोखराको न्युरोड र महेन्द्रपुल, बिराटनगर, बिरगंज, नारायणगढ, भैरहवा, बुटवल, नेपालगंज, जनकपुर, बनेपा ।

### शर्तहरु

१. बोलपत्र आवेदन फारम रु. १००/- (पछि फिर्ता नहुने) नगद भुक्तानी गरी माथि उल्लेखित संकलन केन्द्रबाट प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्र आवेदन फारममा आफुले लिन चाहेको शेयर कित्ताको दर रेट अंक र अक्षरमा स्पष्टसंग लेख्नुपर्नेछ। अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाँउमा अनिवार्य रुपमा सहीछाप गर्नुपर्ने छ ।

३. शेयरको न्युनतम मुल्य रु.१००/– तोकिएको हुँदा सो वा सो भन्दा बढी मुल्य अंकित गरि बोलकबोल गर्नुपर्नेछ ।

४. शेयर खरिदका लागि बोलकबोल पेश गर्दा न्युनतम १०० कित्ताको लागि आवेदन दिनुपर्नेछ भने अधिकतम शेयर संख्याको लागि कुनै हद लाग्ने छैन । तर शेयर खरिद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नेपाल राष्ट्र बैंकले एक ब्यक्ति बा संस्थाले खरिद गर्न वा राख्न पाउने भनि तोकेको अधिकतम संख्या सिमाभन्दा बढि नहुने गरि आवेदन पेश गनुपर्ने छ। साथै दशमलव (खण्डित रुपमा) आउने गरी शेयर आवेदन गर्न पाईने छैन ।

५. शिलबन्दी खाम बाहिर लुम्बिनी बिकास बैक लि. को **संस्थापक वा सर्बसाधारण** शेयर मध्ये कुन शेयरको लागि आवेदन दिएको हो सो उल्लेख भएको हुनुपर्नेछ । शिलबन्दी बोलपत्र लाहाछाप गरिएको हुनुपर्नेछ ।

६. संस्थापक समुहको हकमा बिद्यमान संस्थापकहरुले मात्र आवेदन गर्न पाईनेछ।

७. बोलपत्रवालाले आफुले खरिद गर्न चाहेको शेयरको जम्मा मुल्यको सम्पुर्ण रकम **भिबोर क्यापिटल लि. को नाममा लुम्बिनी बिकास बैक लिमिटेड, त्रिपुरेश्वर काठमाडौमा रहेको खाता नं. ०३१००१२०००४१०२००००२** मा नगद जम्मा गरि सोको सक्कल भौचर संलग्न गरि वा भिबोर क्यापिटल लि को नाममा जारी गरिएको Good for Payment Cheque/Manager's Cheque संलग्न गरि शिलबन्दी बोलपत्र पेश गनुपर्नेछ । यदि चेक भुक्तानी नभएमा दरखास्त फारम स्वत रद्द हुनेछ ।

८. सबैभन्दा बढि बोलकबोल गर्ने आबेदकलाई शेयर बिक्री गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढि कबुल गर्नेलाई बिक्रि गरिनेछ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मुल्यमा दुई बा दुइ भन्दा बढि आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकि भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिनेछ। शेयर बाँडफाँड गर्दा सबैभन्दा बढि बोलकबोल गर्ने क्रमहरु मध्येको कम बोलकबोल गरी बाँडफाँडमा पर्ने आबेदकलाई खण्डित रुपमा बाँकि रहेको शेयर समेत बाँडफाँड गरी समायोजन गरिनेछ । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार विकास बैंकमा निहीत रहनेछ ।

९. बोलपत्रवालालाई बाँडफाँडमा परेका शेयरहरु निजहरुकै हितग्राही खातामा शेयर नामसारी गरिने हुँदा आवेदनमा हितग्राही खाता नम्बर (Demat Account Number) अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ। साथै रु. दश लाख भन्दा बढी रकमको लागि आवेदन गर्दा पान नं. उल्लेख गर्नुपर्नेछ ।

१०. पेश भएका शिलबन्दी बोलपत्रहरु मिति २०७५/०१/१४ गते शुक्रबार भिबोर क्यापिटल लिमिटेड, कृष्णगल्ली, ललितपुरमा दिनको ३:०० बजे खोलिनेछ ।

११. म्याद नाघि आएको, रित नपुगेको वा कुनै शर्त सहित पेश भएको आवेदनलाई मान्यता दिईने छैन । साथै एकै समुहमा एक भन्दा बढी बोलपत्र पेश गर्न पाईनेछैन ।

१२. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संस्था, कम्पनी हुनुपर्नेछ । आबेदक संगठित संस्था/कम्पनी भएमा दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा शेयर खरिद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि तथा अख्तियारनामा पेश गर्नुपर्नेछ ।

१३. बोलपत्र आबेदकहरु मध्ये बोलकबोलमा नपरेको आबेदकहरुको रकम धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४ मा व्यवस्था भए बमोजिम फिर्ता भुक्तानी गरिने छ । साथै सो रकममा कुनै किसिमको व्याज प्रदान नगरिने व्यहोरा पनि जानकारी गराईन्छ ।

१४. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतीको जानकारी बिक्री प्रवन्धक भिबोर क्यापिटल लिमिटेड, कृष्णगल्ली, ललितपुरको सूचना पाटी तथा वेवबसाईट www.viborcapital.com मा हेर्न सक्नुहुनेछ ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक**

VIBOR
भिबोर क्यापिटल लि.
VIBOR CAPITAL LTD.

**भिबोर क्यापिटल लिमिटेड**


कृष्णगल्ली, ललितपुर फोन न. ०१ ५५५४७९४, ५५५४७९३

Email: info@viborcapital.com | Web: Viborcapital.com.np